ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

अंक, अर्थ र अध्यात्म ②
साँफे-मार्तडी सडकको बैकल्पिक मार्ग तयार ③
अछाममा सडक बन्द हुँदा बाजुरामा सकस ④

वर्ष २१ अंक २२५ वि.सं. २०७९ चैत २९ गते बुधबार (Apr. 12 Wednesday 2023) मुल्य रु. ४/- पेज -४

### मालाखेति अस्पतलमा सुत्केरी महिला र शीशु मृत्यु प्रकरण

# आफन्तले अझै बुझेनन् शव, आन्दोलन उग्रबन्दा अश्रुग्यास प्राहर



**पोष्ट संवाददाता**
धनगढी । कैलालीको अत्तरिया स्थित मालाखेती अस्पतालमा नवजात शीशुसहित सुत्केरी महिलाको मृत्यु भएको दुई दिन सम्म पनि आफन्तले शव बुझेका छैनन् ।

घटनाको सत्यतथ्य सार्वजनिक गरी दोसीमाथी कारवाही नभएसम्म शव नबुझ्ने अगान पीडित पक्षले लगेका छन् । उपचारमा चिकित्सकको लापरबाहि भएको भन्दै आफन्तले शव बुझ्न नमानेका हुन् । सोमबार गोदावरी नगरपालिका-२ कडायत टोलकी लक्ष्मी भट्टराई र नवजात शिशुको मृत्यु भएको थियो । अस्पताल प्रशासनसँग छलफल भए पनि माग पुरा नभएको पीडितको गुनासो छ। सोमबार राती भएको छलफलमा मंगलबार बिहान ८ बजेसम्म छानबिन समिति गठन गर्ने भनिएपनि समिति गठनमा ढिलाई हुँदा मृतक सुत्केरी महिला र शिशुको शव आफन्तले नबुझेका हुन् ।

अस्पतालमा शिशु र आमाको शव राखिएको छ तर सम्वन्धित अधिकारी अस्पतालमै नआएको मृतकका अफन्तको गुनासो रहेको छ ।

साथै अस्पतालको लापरबाहीले श्रीमती र नबजात शिशु गुमाउनु परेको मृतकका श्रीमान शिवराज भट्टराईले बताए। लापरबाही गर्नेलाई छानविन गर्ने भनिएकोमा प्रशासन त्यस विषयमा गम्भिर नबनेको पीडित पक्षको आरोप छ । घटना पछि आक्रोसित पीडित पक्षले मंगलबार घटनाको छानविन र उचित क्षेतिपुर्तिको व्यवस्था हुनुपर्ने माग राख्दै राजमार्ग अवरुद्ध समेत गरेका थिए ।

अबरुद्ध राजमार्ग सुचारु गर्ने क्रममा प्रहरी र स्थानीय विच केही समेत तनाव समेत भएको थियो । आन्दोलनले उग्र रुप लिएपछि स्थानिय माथी प्रहरीले अश्रुग्यास समेत प्रहार गरेको थियो । आन्दोलित स्थानियले क्षतिपुर्तिको माग गर्दै भिमदत्त राजमार्ग अवरुद्ध गरेका थिए । स्थानियमाथी प्रहरीले करिब ८/१० राउण्ड अश्रुग्यास प्रहार गरेको बताइएको छ । स्थानियहरुले ढुंगामुडा प्रहार गरेसँगै प्रहरीले लाठिचार्ज सुरु गरेपछि आन्दोलनकारीमाथी अश्रुग्यास प्रहार गरेको हो । अश्रुग्यास प्रहार पछि आन्दोलनकारी तितरबितर भएका थिए, भने बन्द गरिएको राजमार्ग सुचारु भएको थियो। मृतक लक्ष्मी र उनको नवजात शिशुको शव मंगलबार राती सम्म पनि उठाउने सहमति भएको थिएन ।

जिल्ला प्रहरी कार्यालय कैलालीका अनुसार मंगलबार राती सम्म पीडित पक्ष र प्रशासन विच छलफल भएपनि कुनै निष्कर्ष निष्केको छैन ।

## घटनाको छानविन गर्न समिति गठन

कैलालीको गोदावरी नगरपालिका वडा नं. ३ मा रहेको मालाखेती अस्पतालमा बच्चा सहित सुत्केरी महिलाको मृत्यु भएको घटनामा छानविन समिति गठन गरिएको छ । सोमबार राती ईलाका प्रहरी कार्यालय मालखेतीमा बसेको अस्पताल प्रशासन, नगरप्रमुख तथा पिडित पक्षबिचको छलफलमा प्रमुख जिल्ला अधिकारीको रहोबरमा छानविन समिति गठन गर्ने र पिडित पक्षलाई क्षतिपुर्ति दिने सहमंती भएको हो ।

छलफलमा छानविन समिति गठन गरेर निष्पक्ष छानविन गरिनुपर्ने सहमती भएको स्थानिय आशिष भट्टराईले बताए । उनले छानविन समितिको निष्कर्ष पश्चात दोषि देखिएका व्यत्ति:हरुलाई कडा कारबाही गरिने र दोषी मार्फत नै क्षतिपुर्ति प्रदान गरिने सहमती भएको उनले बताए। उनका अनुसार तत्काल पिडित पक्षलाई क्रियाखर्च वाफत नगद रु. ५० हजार प्रदान गरिने भएको छ ।

आईतबार बिहान सुत्केरीका लागि आएकी गोदावरी नगरपालिका वडा नं. २ कडायत टोलकी २८ वर्षिया लक्ष्मी भट्टराई को बच्चासहित मृत्यु भएको थियो । अस्पतालमा डाक्टरहरुको लापरबाहीका कारण सुत्केरी र बच्चाको मृत्यु भएको भन्दै स्थानियहरुले विरोध गरेका थिए । सोमबार अस्पताल परिषरमा पिडित पक्षले नाराबाजी गर्दै क्षतिपुर्तिको माग गरेका थिए ।

स्थानियहरुले सोमबार बिहानदेखी अस्पतालको सेवा समेत ठप्प पारेका थिए । तर छलफलमा सहमती भएपश्चात मंगलबार देखी अस्पतालको सेवा सुचारु गर्ने निर्णय भएको बताईएको छ ।

### सुदुरपश्चिम सरकार

# मुख्यमन्त्रीसँग छलफल गर्न माओबादीले बनायो सहमति

**पोष्ट संवाददाता**
धनगढी । सुदूरपश्चिम सरकार विस्तारमा ढिलाई बारे नेकपा माओवादी केन्द्रले चाँसो देखाएको छ । माओवादी केन्द्रले सरकार विस्तारका विषयमा मुख्यमन्त्री कमलबहादुर शाहसँग छलफल गर्न वार्ता टोली गठन गरेको छ । सोमबार बसेको माओवादी संसदीय दलको बैठकले दलका नेता खगराज भट्टको संयोजकत्वमा वार्ता टोली गठन गरेको हो ।

प्रदेश सभा सदस्य ओमबिक्रम भाट 'सरल'ले भट्टको संयोजकत्वमा पाँच सदस्यीय वार्ता टोली गठन गरिएको जानकारी दिए । उनका अनुसार वार्ता टोलीमा प्रदेश सभा सदस्य मानबहादुर धामी, गीता माल, रमेश धामी र शिवसिंह ओली सदस्य रहेका छन् ।

यस्तै अगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमबारे सरकारलाई सुझाव दिन संसदीय दलका नेता भट्टकै संयोजकत्वमा अर्को टोली पनि गठन गरिएको छ । उक्त टोलीमा प्रदेश सभा सदस्य ओमबिक्रम भाट, जानकी देवी कुँवर, लक्ष्मी बिक, अक्कल रावल र झपट साउद सदस्य रहेका छन् ।

कांग्रेस नेतृत्वको सत्तारुढ गठबन्धनमा दोस्रो शक्तिका रुपमा रहेको माओवादीले प्रदेश सरकारमा सम्मानजनक सहभागिता हुनुपर्ने बताउँदै आएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय वा आर्थिक मामिलामध्ये एक मन्त्रालय अनिवार्य पाउनुपर्ने माओवादीको अडान छ भने थप दुई मन्त्रालयमा पनि दिनुपर्ने पाउनुपर्ने माग गरिरहेको छ ।

२६ माघमा एमालेका राजेन्द्र रावल नेतृत्वको सरकार ढलेपछि मुख्यमन्त्रीमा नियुक्त भएका कांग्रेसका कमलबहादुर शाहले २१ फागुनमा विश्वासको मत लिएका थिए ।

उनलाई कांग्रेससहित माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी र नेकपा एकीकृत समाजवादी पार्टीले विश्वासको मत दिएको थियो । तर मुख्यमन्त्रीमा नियुक्त भएको दुई महिना बित्दासमेत शाहले सरकार विस्तार गर्न सकेका छैनन् । प्रदेशसभाको ठूलो दल नेपाली कांग्रेसका १९, नेकपा माओवादी केन्द्रका सभामुखसहित ११, नेकपा एमालेका १०, नागरिक उन्मुक्ति पार्टीका सात, नेकपा एकीकृत समाजवादीका चार, राप्रपाका एक र स्वतन्त्र एक सदस्य छन् ।

# धनगढीमा १ सय २१ सामुदायिक कुकुरहरूको बन्ध्याकरण

**पोष्ट संवाददाता**
धनगढी । धनगढी उपमहानगरपालिकाले नगर क्षेत्रका १ सय २१ वटा सामुदायिक कुकुरहरूको बन्ध्याकरण गरेको छ ।

धनगढी उपमहानगरपालिकाको आर्थिक सहयोग र भ्याली एनिमल क्लिनिक काठमाडौंको प्राविधिक सहयोगमा धनगढी उपमहानगरपालिका क्षेत्रका सामुदायिक कुकुरहरूको बन्ध्याकरण गरिएको हो ।

आइतबार ५४ र सोमबार ६७ वटा गरी जम्मा १ सय २१ वटा सामुदायिक कुकुरहरूको बन्ध्याकरण गर्ने काम सम्पन्न भएको मेयर गोपाल हमालले बताए । बजार क्षेत्रमा सामुदायिक कुकुरको संख्या धेरै भएको र बिहानको समयमा हिड्डुल गर्दा कुकुरले टोक्ने र लखेट्ने गरेको जनगुनासो पश्चात् सामुदायिक कुकुरको संख्या घटाउने विकल्पको रुपमा बन्ध्याकरण शिविर सञ्चालन गरिएको मेयर हमालले बताए । बन्ध्याकरण शिविर भोलि मंगलबार पनि सञ्चालन गरिने बताइएको छ ।

# भारतबाट घर फर्किंदै गरेका ४ नेपाली माथी कुटपिट

**पोष्ट संवाददाता**
धनगढी । नयाँ वर्ष बिसु मनाउन घर फर्किरहेका चार जना नेपाली कामदार बाटोमै लुटिएका छन् । उनीहरू यात्राका क्रममा भारतमै लुटिएका हुन् ।

सोमबार हल्द्वानीबाट घर फर्किन लागेका सुर्खेतको भेरीगंगा नगरपालिका-४ का ताराबहादुर मगर, मिलन राजी, लालबहादुर नेपाली र केशर वली रहेका छन् । उनीहरुबाट ४५ हजार भारु र चार थान मोबाइल लुटिएको प्रहरीले जनाएको छ। कालापहाडमा मजदुरी गरेर घर फर्किन लागेका उनीहरुलाई भारत उत्तराखण्डको हल्द्वानीमा चिसो पेय पदार्थमा नशालु पदार्थ खुवाएर बेहोस बनाइ लुटिएको हो ।

हल्द्वानीबाट बनबासा आउने बसमा एक महिलाले चिसो पेय पदार्थ पिउन दिएको पीडितहरुले बताए। उक्त पेय पदार्थ पिएपछि चारैजना बेहोस भएका थिए । 'चारै जना सीमा क्षेत्रमा बेहोस अवस्थामा भेटिएका हुन्,' इलाका प्रहरी कार्यालय गड्डाचौकीका सई देवसिंह बुडालले भने, 'सबैजना रित्तो हात नाकामा पुगेका थिए ।'

उनीहरुलाई प्रहरीले उद्धार गरेर महाकाली प्रादेशिक अस्पतालमा भर्ना गरेको हो । अस्पतालमा उपचारपछि मंगलबार निको भएर उनहरु घरतर्फ लागेका छन् । यात्राका क्रममा आएका दुई भारतीय महिलाले जुस पिउन दिएको पीडितले बताए। जुस पिउनेबितिक्कै सबै बेहोस भए ।

होस आउँदा पैसा र मोबाइल केही पनि नभएको उनीहरुले बताए । बेखर्ची बनेका उनीहरूलाई महाकाली प्रादेशिक अस्पतालमा उपचारपछि **(बाँकी ३ पेजमा)**

# ८३ वर्षमा बल्ल नागरिकता

**पोष्ट संवाददाता**
धनगढी । बझाङक एक वृद्धाले ८३ वर्षमा नागरिकता पाएकी छन । जिल्लाको छबिसपाथिभेरा गाउँपालिका-४ झुटेडाकी बिशु थापाले ८३ वर्षको उमेरमा नेपाली नागरिकता पाएकी हुन । सोमबार प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेय नेतृत्वको टोलीले शारीरिक रूपमा पूर्ण अशक्त रहेकी थापालाई घरमै पुगेर नेपाली नागरिकता प्रदान गरेको हो ।

यातायातको सहज पहुँच नहुँनु र सदर मुकाम चैनपुरसम्म ल्याएर नागरिकता बनाउन सक्ने अवस्था नभएकाले थापाको घरमै गएर प्रमाणपत्र प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी पाण्डेयले बताए ।

थापाको पहिले बनाएको नागरिकता एक वर्ष पहिला हराएकाले सामाजिक सुरक्षा भत्ता बीचमै रोकिएको छबिसपाथिभेरा गाउँपालिका-४ का वडाध्यक्ष अम्मराज थापाले बताए । नागरिकता प्राप्त भएसँगै अब थापाको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बाटो समेत खुलेको उनले बताए ।

# घरमा आगलागी हुँदा नौ लाख बराबरको क्षति

**पोष्ट संवाददाता**
धनगढी। कैलालीको लम्कीचुहा नगरपालिका स्थित एक घरमा आगलागी हुँदा ९ लाख बराबरको क्षेति भएको छ ।

लम्कीचुहा नगरपालिका- ५ राजीपुरका मारु तिमिल्सेनाको घरमा आगलागी हुँदा नौ लाखको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट तिमिल्सेनाको १२ बोरा धान, १२ कुण्डल गहुँ, सुन, काठ, **(बाँकी ३ पेजमा)**

# थप ५ क्याम्पसलाई सम्बन्धन दिँदै सुप विश्वविद्यालय

**पोष्ट संवाददाता**
धनगढी । सुदूरपश्चिम विश्वविद्यालयले थप पाँचवटा क्याम्पसलाई आङ्गिक क्याम्पस बनाउने निर्णय गरेको छ ।

सुदूरपश्चिम विश्वविद्यालयका रजिष्ट्रार यज्ञराज पाठकले कञ्चनपुरको झलारीस्थित कृष्ण बैजनाथ बहुमुखी क्याम्पस, बैतडीको पुर्चौंडी बहुमुखी क्याम्पस, डडेल्धुराको भीमदत्त बुहुमखी क्याम्पस, बझाङको दीप बहुमुखी क्याम्पस र बझाङकै सुनकुडा बहुमुखी क्याम्पसलाई आङ्गिक बनाउने निर्णय भएको बताए। 'सरकारले उक्त क्याम्पसको दरबन्दी स्वीकृत गरेर विश्वविद्यालयका कार्यक्रमहरु सञ्चालन गर्नेछ', उनले भने, 'विसं २०७५ मै समायोजन गरेर शैक्षिक कार्यक्रम सुरु गर्ने भनिए पनि दरबन्दी स्वीकृत नहुँदा ढिलाइ भएको हो ।'

यसअघि उक्त विश्वविद्यालयमा १५ सामुदायिक क्याम्पसलाई आङ्गिक क्याम्पस बनाइएको थियो । हाल विश्वविद्यालयले आठवटा सङ्कायमा अध्यापन गराउँदै आएको छ ।

सरकारले डडेलधुरा अस्पताललाई पनि सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक सङ्कायका रुपमा सञ्चालन गर्ने निर्णय गरिसकेको छ। विश्वविद्यालयका उपकुलपति अम्मराज जोशीले आउँदो शैक्षिकसत्रदेखि वन विज्ञान र हर्वल साइन्सको कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताए ।

'विश्वविद्यालयको आङ्गिक सङ्कायका रुपमा रहने गरी स्वास्थ्य मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यस विश्वविद्यालयको त्रिपक्षीय सम्झौता भएको छ', उनले भने, 'यसै शैक्षिकसत्रदेखि हर्वल साइन्स र इन्जिनियरिङ सङ्कायको स्नाकोत्तर तहमा भर्ना प्रक्रिया सुरु गरेका छौं ।'

हाल विश्वविद्यालयले मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, कृषि विज्ञान, कानुन र स्वास्थ्य **(बाँकी ३ पेजमा)**

# अंक, अर्थ र अध्यात्म

डम्बर खतिवडा

> आधुनिक गणितका सबैजसो शाखाहरू विकास गर्ने गणितज्ञहरू त्यसैले अनन्तलाई बुझ्न कोसिस गर्ने व्यक्तिहरू थिए। लिमिट, क्याल्कुलस, सेट थ्यौरी, म्याट्रिक्स अल्जेब्रा र तथ्यांक शास्त्र (आसिम्टोटिक थ्यौरी)को मुटुमा अनन्तको बुझाइ छ। ज्यामितिको विकासलाई अर्को तहमा लैजान महत्वपूर्ण विकास गर्ने हेनरी पोङ्करे, डिकार्टस जस्ता गणितज्ञको अनन्तको बुझाइले नै ज्यामिति जस्तो विषयको ज्ञानलाई अघि बढाउन मद्दत गरेको थियो।

आजकाल आर्थिक प्रतिवेदनहरूमा गरिने अंकहरूको प्रयोगसँग हामी सबै परिचित नै छौं। अर्थतन्त्रको वृद्धिदर ४ प्रतिशत मात्र हुने, मुद्रास्फीति दुई अंकमा पुग्ने, अमेरिकामा फेब्रुअरीमा ३ लाख ११ हजार नयाँ रोजगारी सिर्जना जस्ता खबरहरू अहिलेको खबर प्रणालीका अभिन्न अंग भएका छन्।

राम्रा आर्थिक अध्ययनहरूले समाजको कथा भन्छन्। जसरी पल सेज्यानले फ्रान्सेसी गाउँहरूको मिहिन चित्रण गरेर पेन्टिङहरू बनाए, त्यस्तै अपेक्षा राम्रो साहित्यले गर्ने समाजको चित्रणमा पनि गर्न सकिन्छ। समाजको स्वरूप कलामा उतार्दा त्यसमा विस्तृत रूपमा आर्थिक, सामाजिक रेसाहरूको चित्रण भएको हुनुपर्छ। अंकले समाजको चित्र सुन्दर बनाउन सहयोग गर्छ। 'त्यो मुलुकमा राम्रो भैरहेको थियो, नयाँ नयाँ रोजगारी सिर्जना भैरहेको थियो, जन्मने वित्तिकै बच्चाहरू मर्ने क्रम कम हुँदै गएको थियो' भन्नु र 'त्यो मुलुकमा राम्रो भैरहेको थियो। अघिल्लो दशकमा रोजगारी सिर्जना दर वार्षिक दुई प्रतिशतले बढेकोमा उक्त दशकमा वार्षिक पन्ध्र प्रतिशतले बढेको थियो। अघिल्लो दशकमा सयवटा बच्चा जन्मेकोमा पाँच जना जन्मने वित्तिकै मर्थे, उक्त दशकमा यसरी मर्ने दुई जनामा झरे' भन्नुमा फरक छ।

अर्थशास्त्रीहरूलाई त यसै पनि अंकको साथ चाहिन्छ। तर सबै खालका कलालाई अर्थशास्त्रीकै तहको विस्तृत सूचना चाहिन्छ भन्ने हैन, कृतिको मूल ध्येय हेरेर के कुरामा डिटेल भर्ने र के कुरालाई अब्स्ट्रयाक्ट नै छोडिदिने भन्ने हुन्छ। तर जेलाई चित्रण गर्न खोजिएको हो त्यसको चित्रण विस्तृत र यथार्थपरक हुनुपर्छ भन्नेमा संभवतः दुईमत नहोला।

अंकको प्रयोग कुन वर्ष सुरु भयो, हामीलाई थाहा छैन। कुन वर्ष हाम्रा पुर्खाले १, २, ३, लेख्न थाले भन्ने अड्कल गर्न पनि गाह्रो छ। त्यस्तै कुन वर्ष हाम्रा पुर्खाले पैसाको प्रयोग गर्न सुरु गरे र बजार अर्थतन्त्र सुरु भयो भन्ने पनि कसैलाई थाहा छैन। बजार अर्थतन्त्र पहिले सुरु भयो कि धर्म र अध्यात्म पहिले सुरु भयो पनि भन्न सकिंदैन। सबैजसो धर्मका ग्रन्थहरूमा सामान बेच्दा नाफा लिनु, धेरै व्याज लिनु खराब हो जस्ता कुराहरू परेका छन्। धर्मको सुरुवात बजार अर्थतन्त्रको नाफाखोरीको विरुद्धमा प्रतिक्रियाको रूपमा भएको हो कि ?

अर्कोतिर धर्महरूले सिकाएका आदर्शका कुराहरू समाजलाई खासै पाच्य नहुने भएकोले मानिसले त्यसको विरुद्ध विद्रोह गरेको इतिहास छ। आखिर मान्छे जंगली समाजबाट आएको प्राणी न हो। उसलाई धर्महरूले भन्ने 'अरुलाई नठग, अरुको नचोर, सबैलाई माया गर' कुरा मानिराख्न सजिलो छैन।

उसमा अन्तर्निहित लोभ र ईर्ष्याले उसलाई अरुको सम्पत्ति चोर्न, आवश्यक परे अरुलाई मार्न र पिट्न लगाउँछ। यी सबैको प्रतिक्रियास्वरूप कसैले बजार, पैसा जस्ता उपकरण आविष्कार गरेको पो हो कि? अब अर्काको चिज मनपर्‍यो भने त्यो चिजको मालिकलाई नपिटी, नमारी त्यो चिज लिन सकिन्छ, धर्मका कोरा उपदेशले भन्दा यसले समाजमा शान्ति ल्याउनेछ भनेर बजार अर्थतन्त्र र बजारका आविष्कारकले हर्षबढाइँ गरेका थिए कि?

यस प्रवचनमा मेरो मान्यता बजार अर्थतन्त्र र अध्यात्म मध्ये कुन पहिला आए भन्न सकिन्नँ तर अंक पछि आएको हो र यसले अर्थतन्त्रलाई परिष्कृत रूपले हेर्न मद्दत गर्‍यो भन्ने हुनेछ। अंकले कसरी अध्यात्मलाई बुझ्न सहयोग गर्‍यो भन्ने पनि मैले उल्लेख गर्नेछु जुन विद्वत् वर्गलाई नयाँ दृष्टिकोण महसुस हुनेछ भन्ने मेरो विश्वास छ। अध्यात्मले उठाउने गहन प्रश्नहरूको उत्तर दिन अंक र अर्थशास्त्रका अध्ययनहरू सहयोगी सिद्ध हुन्छन् भन्ने पनि मेरो तर्क हुनेछ।

### आदिशक्ति

मलाई कुनै एकदिन सम्झेर त्यो दिन म बच्चाबाट युवा भएँ जस्तो महसुस हुने एउटा दिन छ। म कलेज भर्खर जाँदाको एक दिन। म बाथरूममा नुहाउँदै थिएँ। यो पृथ्वी कसले सिर्जना गर्‍यो होला भन्ने प्रश्न बारे विचार गर्न थालें भगवान। सबैको जस्तो मेरो पनि पहिलो शंका उनै माथि रह्यो। तर भगवान कहाँ होलान्? उनी कोसँग खेलेर बस्छन्? उनी खेल्ने चौर कसले बनायो होला? उनी कोसँग कुराकानी गरेर बस्छन् होला?

अनि उनले खेल्ने चौर, आँगन उनी जन्मँदादेखि नै थियो कि त्यसलाई कसैले बनायो होला? उनले गल्ती गर्दा उनलाई गाली गर्ने शिक्षक होलान् कि नहोलान्? जस्ता प्रश्न मेरो मनमा आए। यी सबैले मलाई के महसुस भयो भने उनीभन्दा पनि माथि कोही हुनुपर्छ। तर उनीभन्दा माथिका भगवान पनि कहाँ बस्छन् होला? यस्ता प्रश्नहरू फेरि मेरो मनमा आए।

यदि भगवान छन् भने उनको माथि पनि कुनै भगवान हुनुपर्छ जसले उनलाई बस्ने आँगन बनायो, उनलाई गल्ती गर्दा चेतावनी दिन्छ आदित्यादि। र यदि उनका माथि भगवान छन् भने त्यही 'लजिक' लगाउँदा के भन्न सकिन्छ भने ती भगवानका पनि माथि अर्को कुनै भगवान हुनुपर्छ। र यो सोच्दै गर्दा मेरो मनमा अलि डर लाग्यो।

कि त मैले सोचेको कुरा गलत थियो, कि त हामीभन्दा माथि अनन्त भगवान छन्। एउटा भगवान भन्दा माथिल्लो तहमा अर्को भगवान। तर त्यसपछि अर्को प्रश्न आयो, यो 'सिक्वेन्स' गएर कहाँ रोकिन्छ? त्यो 'आदिशक्ति' कहाँ छ? त्यो आदिशक्ति जसले सबै चिज सिर्जना गर्‍यो, जसको माथि केही छैन, जोभन्दा पहिला केही थिएन, जो पछि कोही हुँदैन? जसको आयु हुँदैन?

संयोगले त्यसबेला गणितमा साधारण जनतालाई पनि बुझ्न सक्ने भाषामा अनन्त अर्थात् इन्फिनिटीको बारेमा लेखिएका किताबहरू आएका थिए। गणितीय भाषामा यदि कुनै अंकलाई शून्यले भाग गर्नुभयो भने त्यो अनन्त हुन्छ। तर शून्य र अनन्त आफैंमा संकेत मात्र हुन्, अंक हैनन्। यिनलाई साधारण अंकझैं सोचेर हिसाब गर्न थाल्नुभयो भने यसले समस्यामा पार्न सक्छ। उदाहरणको लागि तलका हिसाबहरू हेरौं।

यदि शून्य कुनै अंक हुँदो हो त ०/० = (९-९)/(३-३)= ३२-३२/३-३=(३-३)(३+३))/(३-३) =६ सत्य हुन्थ्यो भने ०/०=(४-४)/(२-२)=(२-२)(२+२)/(२-२)=४ पनि सत्य हुन्थ्यो। अर्थात् यौटै 'अंक' (०/०) दुईवटा असमान अंक ६ र ४ सँग बराबर हुन्थ्यो।

अर्थात् जतिखेर शून्य र अनन्त जस्ता संकेत आउँछन्, हाम्रा साधारण 'लजिक' मिल्दैनन्।

भगवानसँग यसको के सम्बन्ध छ? हामी मर्त्यलोकमा रहेका मानिसको 'लजिक' लगाएर भगवानको बारेमा सोच्न थाल्यौं भने धेरै कुरा मिल्दैनन्। भगवानको अगाडि के, भगवानको आँगन कहाँ र कसले बनायो, भगवान पछि के आउँछ, भगवानलाई कसले चेतावनी दिन्छ जस्ता लजिक त्यो आदिशक्तिको लागि काम लाग्दैन।

१० मा १ घटायो भने ९ हुन्छ, तर अनन्तमा १ घटायो भने अनन्त नै हुन्छ। अनन्त भन्दा अगाडि कुन नम्बर आउँछ, ० पछि कुन नम्बर आउँछ जस्ता प्रश्नको कुनै उत्तर छैन। किनकि हामी मर्त्यलोकमा दीपेन्द्र भन्दा अगाडि वीरेन्द्र आए भन्न सक्छौं, ९ भन्दा अगाडि ८ आयो भन्न सक्छौं, तर भगवान भन्दा अगाडि को आयो वा अनन्त भन्दा अगाडि कुन अंक आउँछ जस्ता प्रश्न बेतुकका हुन्।

यसको अर्थ गणित भगवानको प्रवृत्ति हेर्न सहायक छैन भनेर सोच्नु फेरि गलत हो। गणितज्ञहरूले अनन्तलाई जसरी हेर्ने उपाय निकाले, त्यो निराकार, निर्गुण भनेर मानिआएका भगवानलाई बुझ्ने एक महत्वपूर्ण सोपान हो।

अर्थ र अध्यात्मको सम्बन्धमा म अर्को एक उदाहरण प्रस्तुत गर्न चाहन्छु।

सनातन धर्ममा परमधाम र स्वर्गका दुई मान्यता छन्, जुन साधारण व्यक्तिहरूले एकै हुन् कि झैं गरेर प्रयोग गरेको देखिन्छ। भगवानको परमधाम (वैकुण्ठ) कस्तो छ भन्ने बारेमा श्रीमद्भगवतगीतामा भनिएको छः न तद्भासयते सूर्यो न शशाङ्को न पावकः। यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥

(न सूर्य, न चन्द्र, न अग्निले प्रकाश दिनुपर्छ, त्यस्तो छ एकपटक गएपछि कोही पनि नफर्कने मेरो परमधाम।)

त्यो परमधाममा भगवान बस्नुहुन्छ। भगवान को हुन त भन्दा ती ज्ञानं, ज्ञेयं,ज्ञानगम्यं अर्थात् ज्ञान पनि उनै हुन्, जान्नुपर्ने कुरा पनि उनै हुन् र जानेपछि पुगिने गन्तव्य पनि उनै हुन्।

स्वर्गको मान्यता अलि फरक छ। स्वर्गमा इन्द्र छन्, अप्सरा छन्, सोमरस छ, कल्पवृक्ष छ, पारिजात छ, अंग्रेजीमा भन्ने गरेको 'कोर्न्युकोपिया' स्वर्गमा छ। मरेपछि परमधाममा पुग्ने व्यक्तिहरू स्थितप्रज्ञ हुन्, ती यस्ता व्यक्ति हुन् जसले शत्रु र मित्रमा, मान र अपमानमा, जाडो र गर्मीमा, सुख र दुःखमा, निन्दा र प्रशंसामा भेद गर्दैनन्, खराब संगतमा रहँदैनन्, जसलाई घरबारसँग मतलब छैन, ज्ञानमा दृढ छन्। (समः शत्रौ च मित्रे च तथा मानापमानयोः। शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः॥१८॥ तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित्। अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥) (श्रीमद्भगवदगीता)। यस्तै गीताकै अनुसार परमात्माको प्रिय ती निर्योगक्षेम व्यक्ति पनि हुन् जसलाई वस्तुको संग्रह गर्न र त्यसलाई रक्षण गर्न मतलब छैन।

प्रश्न के छ भने यस्तो स्थितप्रज्ञलाई अप्सरा र सोमरस युक्त स्वर्गको के मतलब हुन्छ र? स्वर्ग यसैले त्यो व्यक्तिले कल्पेको हो जसलाई यी सुखप्रति मोह थियो। परमधाम, जहाँ स्थितप्रज्ञ व्यक्तिहरू पुग्छन्, यस्तो व्यक्तिको कल्पना होला जसलाई भौतिक वस्तुको मोह थिएन र जसले यिनलाई तुच्छ ठान्थ्यो। स्वर्ग एक अर्थमा बजार आसक्त समाजबाट अति प्रभावित व्यक्तिको परिकल्पना भयो, परमधाम (अर्थात् वैकुण्ठ) बजार र वस्तु संग्रह गर्ने परिपाटीबाट वितराग व्यक्तिको।

परमधाममा पुगेको जीवात्मा ध्यान गर्ने, स्वयं आलोकित वैकुण्ठमा परमात्मासँग या त लीन हुने (अद्वैत मत) या सामीप्यमा रहने ( द्वैत मत) हुन्छ। उसको लागि अप्सरा र सोमरसको के महत्व हुन्छ? मलाई के लाग्छ भने मरेपछि मान्छे शान्त परमधाम जान्छ कि होहल्लायुक्त, अप्सरा र सोमरसको अनन्त आपूर्ति भएको स्वर्ग जान्छ भन्नेमा जति बहस हुनुपर्थ्यो त्यो भएन।

### अर्थशास्त्रको आदि सोचाइ

पश्चिमा संसारमा २५०० वर्ष अघि ग्रीसमा भएका विद्वत्ताका कुराहरूलाई आधुनिक वैज्ञानिक पद्धतिको सुरुवाती भेलको रूपमा लिने गरिन्छ। जतिखेर सुकरात, प्लेटो र एरिस्टोटल निस्केका थिए, त्यतिखेर नै हाम्रोतिर पनि दूरगामी प्रभाव राख्ने बुद्ध, महाविर र कन्फ्युसियस जन्मेका थिए।

शायद त्यसैले पनि धेरैले ज्ञानको सुरुवाती बिन्दु हुँदैन, सुरुवाती भेल (बर्स्ट) हुन्छ भन्छन्। रेनेसाँ पछि पनि त्यही भएको हो र शायद कुनै विन्दुमा यो गति रोकिन्छ र फेरि यस्तै भेलको रूपमा सुरु हुन्छ भनेर सोच्ने वैज्ञानिकहरू धेरै छन्। यस्तै ज्ञानको स्रोतको रूपमा एरिस्टोटल उदाए र उही बेलातिर यता महाभारत पनि लेखियो। यी दुवैले अर्थशास्त्रको सुरुवाती विश्लेषणमा योगदान दिएका थिए।

बजारको संरचना र गति रोचक छ, र अर्थशास्त्रीहरूले सयौं वर्षदेखि बजारमा देखिएका विभिन्न घटनालाई हेरेर आफ्नो धारणा बनाएका छन्। २५०० वर्ष अघिको एरिस्टोटलको अर्थशास्त्रमा प्रमुख रुचि वस्तुको महत्व अर्थात् भ्याल्यु के हो भन्नेमा थियो। उनले नै भ्याल्यु इन युज र भ्याल्यु इन एक्स्चेन्ज को बीचको फरकलाई सर्वप्रथम ल्याएका थिए।

वस्तुको मूल्य त्यो कति महत्वपूर्ण छ भन्नेबाट हैन, त्यसलाई कुनै व्यक्तिले कति चाहना गर्छ भन्नेले निर्धारण गर्छ भन्ने अरिस्टोटल नै थिए। पानी र हावा धेरै महत्वपूर्ण हुन्छन् तर तिनको मूल्य हीरा जस्तो खासै कुनै काम नलाग्ने चिजको भन्दा निकै कम हुन्छ। त्यसैले वस्तुको मूल्यले त्यसको आन्तरिक महत्व झल्काउँदैन, व्यक्तिको चाहना जनाउँछ।

प्रमुख धर्महरूको उदय भएपछि अध्यात्मले बजारलाई कसरी लिनुपर्छ भन्ने प्रश्नको उठान भएको देखिन्छ। यो कालक्रममा विभिन्न प्रश्न उदाएका देखिन्छन्। सर्वप्रथम, कुनै पनि वस्तुको निर्माणमा मानव श्रमको उपयोग भएको हुन्छ। बजारमा उक्त श्रममा कति थपेर मूल्य निर्धारण गर्नु ठीक होला? हामीलाई थाहा भएसम्म सर्वप्रथम यो प्रश्न सोध्ने एक प्रभावशाली दार्शनिक सन्त थोमस अक्वाइनास थिए।

त्यसपछि अर्को महत्वपूर्ण प्रश्न सम्पत्ति भनेको के हो र व्यक्तिहरू किन र कसरी सम्पत्तिको मालिक बनेका छन् भन्ने हो। उदाहरणको लागि यो हल अगाडिको पसल र त्यसले चर्चेको जग्गा कसरी सम्पत्ति मानियो? किन घरमुनिबाट बग्ने माइखोलाको पानी सम्पत्ति मानिएन ? उसले त्यो जग्गा र पसल कहिलेसम्म कुन शर्तमा आफ्नो भन्न पाउँछ? २०० वर्षपछि जसको हातमा यो जग्गा र संभवतः पसल हुन्छ त्यो कसरी त्यहाँ पुगेको हुनेछ? यी प्रश्नहरू आडम स्मिथ भन्दा अघि नै चर्चमा र मन्दिरहरूमा रहेका विभिन्न विद्वानले सोधेका छन्।

त्यस्तै महत्वपूर्ण प्रश्न नाफा र करको उत्तम मात्रा कति हो भन्ने पनि हो। जस्तै, एउटा व्यक्तिले अर्को व्यक्तिलाई वस्तु बेच्दा उसले कतिसम्म फाइदा लिएको राम्रो हो? एउटा राज्यले व्यक्तिलाई राज्यको छाता मार्फत सुरक्षा दिएबापत कतिसम्म कर लगाउनु राम्रो हो?

महाभारतमा सरकारले किन र कति कर लगाउनु ठीक हुन्छ भन्नेमा भीष्म र युधिष्ठिरको बीच वार्तालाप भएको पाइन्छ। यसको एउटा मीठो उदाहरण यस प्रकार छः अबलस्य कुतः कोशो ह्यकोशस्य कुतो बलम्, अबलस्य कुतो राज्यमराज्य श्रीर्भवेत्कृतः।

('कमजोरको भरिएको राज्यकोष हुँदैन, भरिएको राज्यकोष नभएको राजासँग शक्ति हुँदैन, शक्ति नभए अन्ततोगत्वा राज्य रहँदैन र राज्य नभए (अर्कोको अधीनस्थ मुलुकले सकी-नसकी कर बुझाउनुपर्ने भएकोले) समृद्धि हुँदैन।')

नाफा र ब्याज पश्चिमा समाजमा सधैं झगडाको र जातिवादी सोचाइ फैलनुका कारक भएका छन्। प्रतिस्पर्धी बजारमा नाफा संभव हुँदैन तर पनि नाफा कमाउने व्यवसायीहरू पनि उत्तिकै छन्। संसारमा नाफा कसरी सिर्जना हुन्छ र कसैको हातमा गएर सम्पत्ति कसरी थुप्रिन्छ भन्ने बारेमा अध्ययन पनि लामो समय अघिदेखि नै भएको हो। प्रतिस्पर्धाको वातावरणको बारेमा अध्ययन पनि लामो समय अघि नै सुरु भएको हो। पूर्ण प्रतिस्पर्धाको अभावमा नाफाको सिर्जना हुन्छ भन्दै अरिस्टोटलले मनापलीको अध्ययन सुरु गरेका थिए, मोनाप्सनी त्यसको २२०० वर्ष पछि जोआन रविन्सनले।

त्यसपछि तेह्रौं शताब्दीमा अक्वाइनासको वस्तुको मूल्य कसरी निर्धारण हुन्छ र पैसा ब्याजसहित सापट दिने काम (युजुअरी) राम्रो हो कि हैन भन्ने बारेका भनाइहरू, सोह्रौं शताब्दीमा दार्शनिक मोलिनाको मुद्रास्फीतिको बारेमा भनाइहरूले अर्थशास्त्रलाई अघि बढाए।

धेरै अर्थशास्त्रीको मतमा हाम्रो देशमा, भारतमा वा चीनमा औद्योगिक क्रान्ति नहुनु र पश्चिम युरोपमा हुनुमा फरक पार्ने घटना भनिएको राजाको हर्ने, भर्ने लगायत जनताको सम्पत्तिमाथि पूर्ण नियन्त्रण गर्ने अधिकार थियो। युरोपमा राजाको यो अधिकार कमजोर बनाउने प्रमुख घटना तेह्रौं शताब्दीको म्याग्नाकार्टाको घोषणा थियो। यसले आविष्कारकहरूलाई नयाँ काम गरेर सम्पत्ति कमाउन प्रोत्साहित गर्‍यो, व्यापारीहरूलाई दूरदराजसम्म जान उक्सायो।

यो अर्थशास्त्रको इतिहासको बारेको प्रवचन हैन, त्यसैले म अर्थशास्त्रको इतिहासको धेरै लामो व्याख्या गर्न चाहन्नँ। तर के कुरामा जोड दिन चाहन्छु भने यी सबै आधारभूत प्रश्नहरूको जवाफ गणितको विकास भएपछि बल्ल रिगरस रूपमा दिन सकियो।

यी अर्थशास्त्रीहरू पछि आडम स्मिथको सन् १७७६ को 'राज्यको सम्पत्ति' अर्थात् 'वेल्थ अफ नेशन्स' पुस्तकसँगै आधुनिक अर्थशास्त्र सुरु भएको मानिन्छ। औद्योगिक क्रान्ति पछि सम्पत्ति कसरी व्यक्तिको हातमा केन्द्रीकृत हुँदै जान्छ र यसले कसरी राज्यमा सम्पन्न र विपन्न बीच द्वन्द्व बढेर क्रान्ति हुने स्थिति आउँछ भन्ने प्रथम 'रिगरस' व्याख्या कार्ल मार्क्सको सन् १८६७ को 'पूँजी' मा पाइन्छ। यसले अर्थतन्त्र र क्रान्तिको गतिशील सम्बन्धलाई पहिलो पटक राम्रोसँग जोडेको मानिन्छ।

अर्थशास्त्रीहरू प्रायः धर्मसँग द्वन्द्वमा जाँदैनन् तर मार्क्सले धर्मलाई स्वीकार गरेनन्। उनको विचारमा धर्मले असत्यलाई निरन्तरता दिने एक उपरीसंरचनाको काम गर्छ। जब कुनै बच्चा जन्मेर आफूलाई र आफ्ना वरिपरिका अरुलाई हेर्छ, आफूमा जतिसुकै क्षमता भए पनि र आफ्नै वयका अन्य केहीमा जतिसुकै अक्षमता भए पनि जन्मका आधारमा ती व्यक्ति धनी र शक्तिशाली भएको र आफू विपन्न भएको पाउँछ।

बडेबडे क्षमतावानलाई पनि यस्तो स्थिति स्वीकार गराउने एक एजेन्सीको रूपमा उनी यस्ता उपरीसंरचनालाई औंल्याउँछन्। 'उ देउताको अवतार हो, वा उ त विष्णुको अवतार हो, त्यसैले उसँग हामीलाई राज्य गर्ने अधिकार छ, हाम्रो सम्पत्ति लैजाने वा हामीलाई सम्पत्ति दिने अधिकार छ' जस्ता मान्यता धर्महरूले नै भित्र्याएका हुन् जुन मान्यता मार्क्सको विचारमा सत्य हैनन्।

यस्ता मान्यतालाई तथ्यको रूपमा हेर्न सिकाउने उपरीसंरचना धर्म लगायत अन्य तत्कालीन युरोपेली समाजमा रहेका अवैज्ञानिक कुरा हुन् भन्ने मार्क्सको सोचाइ थियो। मार्क्सको क्रान्तिको सिद्धान्तलाई पछि धेरैले चुनौती दिए, तर उनको पूँजीको संचय (थ्यौरी अफ क्यापिटल अक्कुमुलेशन) मा अन्तर्निहित गतिशीलता (डाइनामिक प्रोसेस) को व्याख्या पनि अनन्तको सहयोगबाट संभव भएको हो। यदि कसैले वस्तु उत्पादन गर्‍यो, श्रमिकलाई थोरै मात्र तलब दियो र श्रमको मूल्यलाई आफ्नो फाइदाको रूपमा आफैंसँग राख्यो भने उसलाई नाफा हुन्छ।

धेरै व्यक्तिले अनन्त समयसम्म त्यो सामान किन्दै जाँदा त्यो पूँजीपतिसँग अत्यन्त धेरै नाफा जम्मा हुन्छ र उसका वरिपरि विपन्न श्रमिक मात्र बाँकी रहनेछन्। एक विन्दुमा ती श्रमिकले विद्रोह गर्नेछन्। मार्क्सका अनुसार पूँजीवादमा नाफाको, आर्थिक असमानताको र क्रान्तिको स्रोत यही हो। गणितको प्रयोग गरेर मार्क्सका धेरै हाइपोथेसिसहरूलाई उनी मरेको १४० वर्षसम्म पनि सिद्ध वा खण्डन गर्ने काम भइरहेको छ।

### अध्यात्म र अंक

आधुनिक गणितमा क्याल्कुलस (र पछि फ्रेन्च गणितज्ञ अगस्टिन लुइ कशीद्वारा प्रतिपादित एप्सिलान डेल्टा मेथड), र गेओर्ग क्यान्टोरद्वारा सुरु गरिएको सेट थ्यौरीको ठूलो महत्व छ। यी दुवै गणितको विकास गर्दा भगवानसँग गणित अलिकति नजिक भयो।

न्युटनले डेरिभेटिभको परिभाषा सुरु गर्दा कुनै पनि फंक्सनको एक विन्दुमा भएको डेरिभेटिभ पत्ता लगाउन दुई यस्ता परिमाण प्रयोग गरेर भाग गर्छन् जुन दुवै शून्यको नजिक हुन्छन्। अर्थात् कुनै फंक्सनको डेरिभेटिभ भनेर निकालिएको परिमाण शून्यलाई शून्यले (वा शून्यको साह्रै नजिकको अंकले) भाग गरेर निकालिएको एक अंक थियो।

यो आलेखको सुरुमै उल्लेख गरियो, शून्यलाई शून्यले भाग गर्न थालेपछि धेरै कुरा हाम्रा साधारण लजिक भन्दा पर हुन्छन्। तत्कालीन अवस्थामा धेरै ब्रिटिश दार्शनिक उनको यो तरिकासँग सन्तुष्ट थिएनन्, जसमध्ये एक विसप बर्कली थिए जसले भाग गर्दा तल राखिएको अंक (अर्थात् डिनामिनेटर) शून्य के भूत हो भनेर सोधेका थिए। न्युटनले सुरु गरेको त्यो विश्लेषणको गति त्यहीं रोकिएन।

फ्रेन्च गणितज्ञ कशी, चेक गणितज्ञ बर्नार्ड बोल्जानो र जर्मन गणितज्ञ कार्ल वेइर्स्ट्रास सबैले अनन्तसँग खेल्दै गणितका विभिन्न मान्यता विकसित गरे। सिरिजहरूको लिमिट, बिन्दुहरूको लिमिट, फंक्सनहरूको लिमिट जस्ता मान्यता विकसित गरिए। यी सबैले यौटै प्रश्न सोध्थे, यदि कुनै काम हामीले अनन्तसम्म गर्‍यौं भने के हुन्छ? उदाहरणको लागि, १ मा यसको आधा जोडौं, १.५ हुन्छ। यसमा फेरि ०.५० को आधा (अर्थात् ०.२५) जोडौं, फेरि ०.२५को आधा (अर्थात् ०.१२५) जोडौं। फेरि ०.१२५को आधा जोडौं, र यो क्रम अनन्तसम्म गरिराखौं।

हरेक पटक केही न केही जोडौं, र अनन्तसम्म जोडौं। योगफल कति हुन्छ? सिरिजको लिमिटमा काम गर्नेहरूले तपाईंलाई भनिदिनेछन्, जति पटक जोडे पनि यो मक्लरेन सिरिजको योगफल २ भन्दा धेरै हुँदैन र अनन्तसम्म जोड्दा २ हुन्छ।

अर्कोतिर, १+१/२+१/३+१/४+' अनन्तसम्म जोड्नुस्। यो हार्मोनिक सिरिजको योगफल कति हुन्छ? यो अनन्त हुन्छ।

ग्यालिलिओ ग्यालिलीले एकपटक यो प्रश्न सोधे, यदि तपाईंले कुनै बट्टामा १, २, ३, गर्दै अनन्तसम्मका नम्बरहरू राख्नुभयो, अर्को बट्टामा १, ४, ९, १६ गर्दै हरेक नम्बरका स्क्वायर नम्बरहरू राख्नुभयो। कुन बट्टामा धेरै नम्बर होलान्? यसो हेर्दा बट्टा १ मा छन् कि जस्तो लाग्ला, तर बट्टा १ मा भएका हरेक नम्बरका स्क्वायर नम्बर बट्टा २ मा भएकाले बट्टा २ मा बट्टा १ मा भन्दा कम नम्बर हुनै सक्दैनन्। अर्कोतिर बट्टा १ मा बट्टा २ मा भन्दा कम नम्बर हुनै सक्दैनन् किनकि बट्टा २ का हरेक नम्बरको स्रोत बट्टा एकको कुनै नम्बर हुनै सक्छ हो। अर्थात् यी दुवै बट्टामा बराबर वटा नम्बर छन्।

अनन्तका यी केही उदाहरण हेर्ने वित्तिकै हामीले बुझ्न सक्छौं कि अनन्त बुझ्न कठिन विषय हो, र त्यहाँ जे हुन्छ त्यो हाम्रो साधारण दैनन्दिनमा बुझिने भन्दा फरक हुन्छ। माथिको एक उदाहरण हेरौं, १+१/२+१/३+१/४+' बराबर २ हुन्छ भनेर हामीले भन्यौं। तर यसरी जोडिएका अंकहरू हेरौं। १, १/२, १/४, १/८, यी अंकहरू सधैं धनात्मक अंक हुन्। र यी अंकहरू कहिल्यै सकिएका हुन्नन्। कोलिन मक्लरेनले यसको योगफल २ हो भनेर पत्ता लगाए। ती अंकहरूको गन्तव्य पनि आश्चर्यजनक छ। अनन्त पटकसम्म गएपछि यी अंकहरू पुग्ने शून्यमा नै हो।

हार्मोनिक सिरिजमा भएका हरेक अंक पनि अनन्त कालपछि पुग्ने शून्यमा नै हो। तर मक्लरेन सिरिजको जोड निकै सानो २ सम्म र हार्मोनिक सिरिजको योगफल अनन्तसम्म पुग्छ। यसैले जहाँ अनन्त हुन्छ, त्यहाँ राम्रोसँग नबुझी हिसाब गर्दा चिप्लिने संभावना छ।

भगवानको सृष्टि अपरम्पार छ, र गणितमा त्यो अनन्तको झझल्को हेर्न पाइन्छ। रामानुज वा वाइलर जस्ता धेरै गणितज्ञहरूले आफूले गरेका अनन्तका विश्लेषण देवी-देवताको प्रभावमा गरेको भनेका छन्। वाइलरको एक फर्मूला गणितमा निकै प्रख्यात छ, उनले एक्स्पोनेन्सियल नम्बर (अर्थात् भ), माइनस एकको स्क्वायर रूट (ष) र पाई मिलाएर एक फर्मूला निकाले जसले १ दिन्थ्यो। (भष्ल=१)। यो किन महत्वपूर्ण थियो भने त्यो बेला धेरै गणितज्ञहरू यस्ता इर्‍यासनल नम्बरहरू भगवानले सिर्जना गर्नै सक्दैनन् भनेर तर्क गर्थे, खाली १, २, ३ जस्ता प्राकृतिक नम्बर मात्र संसारमा संभव छ भन्थे।

र यही क्रममा सबैभन्दा महत्वपूर्ण योगदान गेओर्ग क्यान्टरको थियो। क्यान्टर जर्मनीको एक सानो शहर ल्याण्डाउमा बस्थे। उनले दुई खालका अनन्तको चर्चा गरे, एक, गन्न सकिने अनन्त र अर्को गन्न नसकिने अनन्त। क्यान्टरका अनुसार र्‍यासनल नम्बरहरू गन्न सकिने अनन्त वटा छन् भने इर्‍यासनल नम्बरहरू गन्नै नसकिने धेरै अनन्त वटा छन्। र पहिलो अनन्त भन्दा दोस्रो अनन्त धेरै हुन्छ। क्यान्टर एक अर्थमा अहिलेसम्म पनि अनन्त भित्रै खेल्ने, अनन्तको वर्गीकरण गर्ने, एउटा अनन्त भन्दा अर्को अनन्त ठूलो हुन्छ भनेर अनन्तहरूको तुलना गर्ने सर्वाधिक महत्वपूर्ण गणितज्ञ हुन्।

आधुनिक गणितका सबैजसो शाखाहरू विकास गर्ने गणितज्ञहरू त्यसैले अनन्तलाई बुझ्न कोसिस गर्ने व्यक्तिहरू थिए। लिमिट, क्याल्कुलस, सेट थ्यौरी, म्याट्रिक्स अल्जेब्रा र तथ्यांक शास्त्र (आसिम्टोटिक थ्यौरी)को मुटुमा अनन्तको बुझाइ छ। ज्यामितिको विकासलाई अर्को तहमा लैजान महत्वपूर्ण विकास गर्ने हेनरी पोङ्करे, डिकार्टस जस्ता गणितज्ञको अनन्तको बुझाइले नै ज्यामिति जस्तो विषयको ज्ञानलाई अघि बढाउन मद्दत गरेको थियो।

तर अनन्तलाई के अध्यात्मको अध्ययनमा लगाउन सकिन्छ? अर्थशास्त्रमा जस्तै अध्यात्मले सोध्ने प्रश्नलाई गणितको रिगर प्रयोग गरेर प्रमाणित वा खण्डन गर्न सकिन्छ? यो लोकमा हामीले जेलाई सत्य मानेका हुन्छौं, जेलाई एक्जिओम मानेका हुन्छौं, के त्यो अलौकिक दुनियाँको पनि सत्य हुनसक्छ ? एक प्रयोगको तल उदाहरण दिन्छु।

### पुनर्जन्म

मानौं, स्वर्ग र नर्क भन्ने दुई कुरा अस्तित्वमा छन् र मरेपछि कुनै न्यायाधीशले हाम्रो कर्म हेर्छ र त्यो अनुसार हामीलाई स्वर्ग वा नर्क पठाउँछ। त्यसो हो भने पुनर्जन्म निश्चित छ।

(बाँकी ३ पेजमा)

## अछाममा सडक...

साँफेबगर नगरपालिका-३ का हेमराज कुँवर र सरस्वती कुँवर सवार मोटरसाइकललाई सोही नगरपालिका-७ को रिडिकोटको वडा कार्यालय नजिक बसले ठक्कर दिएको थियो । सोही दुर्घटनामा परेकी सरस्वती पनि उपचारका क्रममा रहेकी छिन् ।

## घरमा आगलागी हुँदा...

लत्ताकपडा लगायतका सामान जलेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ । उनको नौ लाख बराबरको धनमाल नष्ट भएको छ । आगलागी के कारणले भएको हो,सो बारेमा अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

## भारतबाट घर....

वडा प्रहरी कार्यालय महेन्द्रनगरले बससँग समन्वय गरेर गन्तव्यसम्म पठाउने तयारी गरेको छ ।

## थप ५ क्याम्पसलाई....

विज्ञान गरी आठवटा सङ्काय सञ्चालन गरेको उपकुलपति जोशीले बताए । २०६८ सालमा स्थापना भएको विश्वविद्यालयले ०७१ देखि शैक्षिक कार्यक्रमहरू अघि बढाएको थियो । उक्त विश्वविद्यालयको केन्द्रीय र आङ्गिक गरी १६ क्याम्पसमा २३ हजार तीन सय ९९ विद्यार्थी अध्ययनरत छन् ।

# साँफे-मार्तडी सडकको बैकल्पिक मार्ग तयार

**पोष्ट संवाददाता**

बाजुरा । बाजुराको साँफे-मार्तडी सडक खण्ड अन्तरगत बाजुराको अम्कोटमा बैकल्पिक मार्ग तयार भएको छ ।

बुढिगंगा नगरपालिकको प्रयासमा बैकल्पीक सडक खोल्ने कार्यको थालनी गरिएको थियो ।

पुरानो मार्ग चार बर्ष देखी बर्षातमा चार देखी पाँच महिना सम्म अबरोध हुने भएकाले बुढिगंगा नगरपालिकाको पहलमा सडक बिभागले बैकल्पिक मार्ग खोल्न शुरु गरेको थियो । हरेक बर्ष बर्षाको समयमा साफैं मार्तडी सडक अबरोध भई सदरमुकाम सम्मको आवतजावतमा समस्या हुँदै आएकोमा अव बैकल्पीक मार्गले सहजता हुने बुढिगंगा नगरपालिकाका नगर प्रमुख राम बहादुर बानियाले बताए ।

बुढिगंगा नगरपालिकाको पहलमा सडक डिभिजन कार्यलय साँफेबगर अछामले गत साउन २३ गते बैकल्पिक सडक खोल्नका लागि काम शुरु गरेको भए पनि बिभिन्न समस्याका कारण केही ढिलो भएको नगर प्रमुख बानियाले बताए ।

बुढिगंगा नगरपालिका वडा न १ अन्तर्गत, बल्दे अमकोट सडक खण्डको बैकल्पिक मार्गको कटिङ्गको काम सम्पन्न भएको छ। अब यसको दीर्घकालीन समाधान गर्न स्तरोन्नती लागि विभिन्न प्रयास जारि रहेको र सडकको स्तरोन्नती गर्न प्रदेश सरकार र संघिय सरकारको आबस्यक सहयोग रहने नगर प्रबक्ता हेमराज जोशीले बताए । अझै बर्सात लाग्न दुई महिना बाकी छ यो समयमा सबैले आ आफ्नो तर्फबाट गर्न सक्ने सहयोग गरि सडक निर्माण तथा स्तरोन्नतीमा लाग्न अनुरोध नगर प्रबक्ता जोशीले अनुरोध गरेका छन । अव जिल्ला बासिले ४ महिना सडक अबरुद्ध भई दुःख र सास्ती ब्यहोर्नु नपर्ने उनले बताए ।

बैकल्पीक मार्गका लागि सहयोग गर्ने सबैलाई नगरपालिकाले धन्यबाद समेत ब्यक्त गरेको छ । सो सडकको बैकल्पीक मार्गको स्तरउन्नती गर्न नगरपालिका संग श्रोत नहुने र सघिंय सरकारले सहयोग गर्न नगरपालिकाले अनुरोध गरेको छ ।

जिल्ला समन्वय समितिका सभापति तुलसिराम रोकायाले ९ महिना पहिला रिबन काटेर उद्घघाटन गरेका थिए । उद्घघाटनको बेला एक सातामा खोलि सक्ने भनिए पनि बिभिन्न समस्याका कारण ढिलो भएको नगरपालिकाले जनाएको छ ।

गत साउन १७ गते बुढीगंगा नगरपालिका, स्थानीय जग्गा धनी र सडक डिभिजन कार्यालय साँफे बीचको वैकल्पिक मार्ग निर्माण गर्ने त्रिपक्षीय सहमति भएको थियो । बल्दे क्षेत्रमा पहिरो जान थालेको चार वर्ष पछि वैकल्पिक बाटो निर्माणको काम अघि बढाएको थियो ।

बैकल्पिक मार्ग साढे ४ किलोमिटर रहेको छ । बर्षातमा बाजुराको सदरमुकाम मार्तडी, लगायत बाजुराको उत्तरी क्षेत्र, हुम्ला र मुगु जिल्लाका बासिन्दा सडक सञ्जाल बाट बिच्छेद हुदै आएकोमा अव सो समस्या नहुने नगरपालिकाले जनाएको छ ।
बिक्रम सम्बत २०७६ साल देखी बर्षातको चार महिना सडक अबरोध हुदै आएको छ। २०७७, २०७८ र २०७९ सालमा बर्षातको समयमा त्यहि ठाँउमा चार महिना सडक अबरोध हुने गरेको छ । हिउँदको समयमा सडक बिभागले सडक बनाए पनि बर्षातमा पहिरोले सडक भासिएर सडक बन्द हुने गरेको बडिमालिका नगरपालिका नगरप्रमुख अम्मर बहादुर खड्काले वताएका छन् ।
बुढिगंगा नगरपालिकाको १ अम्कोटमा रहेको करिब १ किलोमिटर सडक उच्च जोखिममा रहेको छ । अम्कोट क्षेत्रमा २०७७ भदौमा मात्र सडक भासिदा १ जनाको मृत्यु भएको थियो । भुगर्वविध आएर पनि एक चरणमा अध्ययन गरिससकेको छ । त्यहि ठाँउमा सडक बनाएर ल्याउने हो भने ३ अरब पैसा चाहिने सडक बिभागले जनाएको छ ।

## अंक, अर्थ....

मानौं मानिसले आफ्नो सजाय गरेको अनुपातमा स्वर्ग वा नर्क बस्ने सजाय पाउँछन्। उदाहरणको लागि यदि कुनै एक मानवले जीवनमा ३० प्रतिशत अवधि पाप र ७० प्रतिशत पुण्य गरेको रहेछ भने उसलाई मृत्युपछिको समयको ३० प्रतिशत नरक र ७० प्रतिशत स्वर्गमा बसाउनुपर्‍यो। मान्छेको पुनर्जन्म नहुने हो भने यो संभव छैन। उदाहरणको लागि, महाभारतमा कौरवहरूलाई सुरुमा स्वर्ग जान भनियो।

कौरवले ३० प्रतिशत पुण्य र ७० प्रतिशत पाप गरेका थिए भन्ने मानौं। सुरुमा कति वर्ष स्वर्गमा राख्ने? ३ वर्ष, ३० वर्ष वा ३ अरब वर्ष? जति राखे पनि त्यसपछिका अनन्त वर्ष नर्कमा राख्ने हो भने उनीहरूले शून्य प्रतिशत समय मात्र स्वर्गमा विताएको हुनेछ। यस्तै यदि पाण्डवलाई जस्तै सुरुमा नर्कमा राख्ने अनि स्वर्गमा राख्ने हो भने कति वर्ष नर्कमा राख्ने ?

स्वर्गमा अनन्त वर्ष राख्ने भने नर्कमा जति राखे पनि त्यो कुल समयको शून्य प्रतिशत मात्र हुनेभयो। तेस्रो विकल्प, सुरुको तीन वर्ष नर्कमा, ७ वर्ष स्वर्गमा, फेरि ३ वर्ष नर्कमा, ७ वर्ष स्वर्गमा राख्ने। तर कुल योगफल हेर्दा स्वर्ग र नर्क दुवैमा मानिस अनन्त वर्ष (अर्थात् बराबरी) बस्ने भयो। जे सुकै भए पनि यदि स्वर्ग र नर्क छ, सजाय माथि भने जस्तै आनुपातिक हुन्छ भने पुनर्जन्म पनि हुन्छ ।

**अर्थशास्त्रमा अंक र अध्यात्म**

म अनन्तबाट साधारण अंकहरूमा आउँछु जुन अर्थशास्त्रलाई आवश्यक छ। अनन्त पनि अर्थशास्त्रमा प्रयोग भैरहने सोचाइ हो, तर साधारण अंकहरूको पनि त्यत्तिकै भूमिका छ ।

अंकको अभावमा अर्थशास्त्र कत्तिको अप्ठेरोमा पर्छ भन्ने कुरा हाम्रो देशमा २०११ सालतिर देखियो। त्यतिखेर अमेरिकी अर्थशास्त्री प्रोफेसर डब्लु ओ थ्वियाटले नेपालको जीडीपीको इस्टिमेट गर्दा 'यो देश पाकिस्तान जस्तै छ, त्यसैले यसको प्रतिव्यक्ति जीडीपी त्यहीको जत्ति हुनुपर्छ' भनेर अंक (रु ३०४ अर्थात् ४० डलर) लेखेका थिए। अघिल्ला पुस्ताका नेताहरूले त्यसैले पनि मुलुकमा तथ्यांक संकलन गर्ने राष्ट्रिय तथ्यांक विभाग चाहिन्छ भन्ने महसुस गरेका थिए।

तथ्यांकमा निर्भर भएर योजनाहरू बनाउने र नतिजा निकाल्ने चलन भने अझै लामो समयसम्म आएन। नेतृत्वमा बस्नेहरूको आत्मसंभावित चरित्रले गर्दा तिनले विकासको प्रारूप कस्तो हुनुपर्छ भन्ने बारेमा अन्य कसैको सल्लाह सुझाव लिन आवश्यक ठानेनन्। यो एउटा गल्ती थियो। अर्थशास्त्रमा आज धेरै तथ्यांक, धेरै अंकको खोजी भैरहेको छ। यिनको अभावमा अर्थशास्त्र अपूर्ण छ भन्ने मान्यता बसेको छ। अर्थको लागि अंकबाट अध्यात्मतिर लागौं ।

मानिसको समाज कसरी बन्दै गयो? एउटा त पुराना ग्रीक सोफिस्टहरूले भनेझैं


## Invitation for Sealed Quotation

Chure Rural Municipality

**Office of the Rural Executive**

**Gharkheda, Kailali**

Sudurpaschim Province, Nepal

Invitation for Sealed Quotation for the procurement of plastic tunnel

Sealed Quotation No: - CRM/SQ/Goods-..../2079-080

**Date of Publication: 2079/12/21**

1. The office of the Chure Rural Municipality *invites* sealed quotations from registered Suppliers for the supply, delivery of plastic tunnel.
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chure Rural Municipality, Gharkheda, kailali Email:chure.gaupalika@gmail.com, telephone: 9742397025*
3. *A complete set of bidding document purchased from the office of Chure Rural Municipality, Gharkheda, Kailali by the eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and up on payment of a non-refundable fee of NRs. 1000.00 till 2079/12/21 during office hours.*
4. *Sealed bids must be submitted to the office of Chure Rural Municipality, Gharkheda, Kailali by hand on or before [12:00, PM] on [2080.01.05]. Bids received after this deadline will be rejected.*
   *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 2079/0105 at the office of Chure Rural Municipality, Gharkheda, Kailali. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security of five percent of the bidding amount, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2080/01/05). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.*

**Account No:- 0820529963703003 (Dharauti Khata)**
**Bank Detail:** ***Sunrise Bank Ltd. Sahajpur, kailali***
**Office Name:-*Chure Rural Municipality***

5. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer



## ऐश्वर्य विद्या निकेतन
माध्यमिक विद्यालयको

## नयाँ भर्ना सम्बन्धी सूचना !

"आदरणीय अभिभावकहरू तथा प्यारा विद्यार्थी भाइ-बहिनीहरुमा नववर्ष २०८० को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना छ ।"

१२ पटक माध्यमिक विद्यालय क्षेत्रीय शिल्डद्वारा पुरस्कृत यस ऐश्वर्य विद्या निकेतन मा.वि.मा शैक्षिक सत्र २०८० का लागि सीमित संख्यामा नयाँ भर्ना खुलेको सहर्ष जानकारी गरिन्छ ।

**भर्ना कार्यक्रम :**

फाराम वितरण : २०७९ चैत्र १५ गतेदेखि
फाराम बुझाउने अन्तिम मिति : २०८० बैशाख ३ गतेसम्म
प्रवेश परीक्षा : (१) पू.प्रा.वि.देखि कक्षा ५ सम्म : २०८० वैशाख ४ गते बिहान ८:०० बजे
(२) कक्षा ६, ७ र ८ : २०८० वैशाख ५ गते बिहान ८:०० बजे
(३) कक्षा ९ : २०८० वैशाख ६ गते बिहान ८:०० बजे
नतिजा प्रकाशन : प्रत्येक तहको प्रवेश परीक्षा भएको दिन प्रकाशित गरिने छ ।
कक्षा सञ्चालन : **कक्षा १०** : २०८० बैशाख ८ गते (बिहान १०:४५ बजेदेखि)
**पूर्व प्रा.वि.** : २०८० बैशाख ८ गते (बिहान १०:४५ बजेदेखि)
**कक्षा १ देखि ८ सम्म.** : २०८० बैशाख ११ गते (बिहान १०:४५ बजेदेखि)

**नोट** : **कक्षा नर्सरी तथा युकेजीमा जुनसुकै बेला भर्ना लिइने छ र अन्य विद्यालयबाट वार्षिक परीक्षा दिइ सकेका तर नतिजा प्रकाशित नभएका विद्यार्थीहरुले पनि प्रवेश परीक्षामा समावेश हुन पाउनेछन ।**

**सीमित सिट संख्या :**

| | |
|---|---|
| कक्षा १ : | ३५ जना |
| कक्षा २ : | ४ जना |
| कक्षा ३ : | २० जना |
| कक्षा ४ : | ५ जना |
| कक्षा ५ : | ३८ जना |
| कक्षा ६ : | ५० जना |
| कक्षा ७ : | ३६ जना |
| कक्षा ८ : | ३० जना |
| कक्षा ९ : | ५० जना |

**शव्द चित्रमा ऐश्वर्य विद्या निकेतन :**

१. दक्ष तथा अनुभवी जनशक्ति भएको विद्यालय
२. अध्ययनबाहेक खेलकुद, नैतिक शिक्षा, उच्च अनुशासन तथा बौद्धिक क्रियाकलापमा जोड दिने गरेको
३. फराकिलो खेल मैदान, इ-पुस्तकालय, कम्प्युटर ल्याव तथा विज्ञान ल्यावको व्यवस्था
४. समुदायद्वारा समुदायका लागि सञ्चालित शैक्षिक गुठी
५. गुणस्तरयुक्त तथा स्वस्थकर खाजा-खानाको व्यवस्था समेतको छात्रावास
६. निरन्तर विद्यार्थी परामर्श तथा अभिभावक अन्तरक्रिया
७. पूर्व प्रा.वि.का लागि छुट्टै खेल मैदान, शौचालय तथा शैक्षिक सामग्री समेतको भवन

**अत्यन्त जरूरी :**

विद्यार्थीहरू सँगसँगै आमाबुवाको पनि अन्तरवार्ता लिइने हुँदा आमा-बुवा अनुपस्थित भएमा भर्ना लिइने छैन ।

प्राचार्य
फोन : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, ५२३०९५ मो. : ९८५८४२०१७१


## २०७९ यस्तो छ तपाईको राशिफल चैत २९

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
विभिन्न भौतिक साधनहरू जुट्नेछन् र लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा पनि फाइदा हुनेछ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ। ब्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। कीर्तिमानी काम सम्पादन गर्ने समय छ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
आज आˆना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्, फाइदाका लागि गोपनीयतामा ध्यान पुर्याउनु बेस होला।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
पढाइलेखाइमा पनि समय दिन नसकिएला। सहयोगीहरूको भरपर्दा चिताएको काम नबन्न सक्छ, सजग रहनुहोला।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
आम्दनी स्रोत बढ्नेछन, ब्यापारमा पनि बढी नै फाइदा हुनेछ। आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
आˆनो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
चिताएको मूल्य प्राप्त नहुन सक्छ। आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने परिस्थितिले पनि अप्ठ्यारो मोडमा पुर्याउन सक्छ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
स्वास्थ्यमा कमजोरी र उपचारमा खर्च हुने योग छ। मुख्य काममा बाधा हुने देखिन्छ। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। गरिएका कामको राम्रै मूल्यांकन हुनाले प्रसन्नता मिल्नेछ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
प्रतिष्ठित काम गर्ने मौका छ। मातापिताको सहयोग प्राप्त होला। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
कमजोरीले चिन्ता बढाउन सक्छ। बाध्यतामा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ। अरूका लागि बुद्धि खर्चनुपर्नेछ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
सानातिना काममै अल्झनुपर्दा मन खिन्न रहनेछ। पहिलेका समस्या दोहोरिन सक्छन्। सवारीमा पनि सावधानी अपनाउनुहोला।


## खुशीको खबर ! खुशीको खबर !!

***"सीप सिकौं आत्मनिर्भर बनौं ।"***

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

8 जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ ।

साथै कपडा पनि उपलब्ध छ ।

# वबी बुटिक

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

# कोरोना सम्बन्धी जनचेतना फैलाउने निर्णय

**पोष्ट संवाददाता**

बेतडी । पछिल्लो केही दिन यता कोरोना संक्रमणका विरामी बढ्न थालेपछि बैतडीले कोरोना संम्बन्धी जनचेतना बढाउने निर्णय गरेको छ ।

सोमबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिले रोग फैलन नदिन नागरिकमा चेतनाको स्तर बढाउन सचेतनामुलक कार्यक्रम गर्ने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालयमा बसेको विपद् व्यवस्थापन समिति बैठक विभिन्न निर्णय गर्दै सम्पन्न भएको जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी शंकर बोहराले बताए । जिल्लामा विद्का घटना नियन्त्रणका लागि समन्वकारी भूमिका निर्वाह गर्ने, पछिल्लो समय फेरि फैलिन थालेको कोरोना रोकथामका लागि जनचेतनामूलक कार्यक्रम गर्ने,डढेलो निणयन्त्रणका लागि जिल्लामा सडक नाटकका साथै अन्य जनचेतनामूलक कार्यक्रम गर्ने निर्णय भएको उनले बताए ।

यस्तै बाँदर बदेलको आतंक नियन्त्रण गर्नका लागि नतिजामूलक कार्यक्रम गर्ने, जिल्ला विपद् व्यवस्थापन र स्थानीयतहमा रहेको समितिले कृतिम घटनाको अभ्यास गर्ने, सडक विस्तारको कामलाई तिब्रता दिएर आवागमन सहज बनाउने लगायतका निर्णय भएका सूचना अधिकारी बोहराले बताए ।

प्रमुख जिल्ला अधिकारी शुरेस पन्थीको संयोजकत्वमा आइतबार सम्पन्न बैठकमा जिल्लास्थित विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखहरु, क्लष्टरसंग सम्बन्धित कार्यालय प्रमुखहरू, गैरसरकारी संस्थाहरुका प्रतिनिधि, जिल्ला रेडक्रसका प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतहरु, लगायत सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

# उद्दार कार्यकर्तालाई पुर्नताजकी तालिम

**पोष्ट संवाददाता**

धनगढी । नेपाल रेडक्रस सोसाइटी शाखा बैतडीले खोज तथा उद्दार कार्यकर्तालाई पुर्नताजकी तालिम प्रदान गरेको छ। विभिन्न समयमा घट्ने विपद्का घटना व्यवस्थापनका लागि खोज तथा उद्दार कार्यकर्तालाई पुर्नताजकी तालिम प्रदान गरिएको हो । यस अघि तालिम लिएका रेडक्रसकर्मी तथा खोज तथा उद्दार कार्यकर्तालाइ तालिम प्रदान गरिएको नेपाल रेडक्रस सोसाइटी शाखा बैतडीका मन्त्री रमेश सिंह भण्डारीले बताए । रेडक्रस सोसाइटी शाखा बैतडीको आयोजना तथा सेफर नेपाल परियोजनाले सञ्चालन गरेको कार्यक्रमको सहयोगमा पञ्चेश्वर गाउँपालिका वडा नं १, मैलौली वडा नं ८ र नौ का खोज तथा उद्दार कार्यकर्तालाइ तालिम दिइएको उनले बताए ।

आगलागी, भूकम्प, सडक दुर्घटना, लगायतका पिद्का घट्नामा परेकाको कसरि खोज तथा उद्दार गर्ने भन्ने बारे तालिम दिइएको मन्त्री भण्डारीले बताए । खोज तथा उद्दार कार्यकर्ताले तालिममा सिकेका ज्ञान, सीप र दक्षतालाई विपद् उद्दारमा प्रयोग गर्दा सहज हुने अपेक्षा गरिएको रेडक्रस बैतडीले जनाएको छ। डोटी शाखाबाट आएको टोलीले तालिम दिएको हो ।

# अछाममा सडक बन्द हुँदा बाजुरामा सकस

**पोष्ट संवाददाता**

धनगढी । अछाममा चार दिन देखि सडक बन्द हुँदा बाजुराको यातायात सेवा पनि अबरुद्ध बनेको छ ।

बसको ठक्करबाट घाइते भई उपचारको क्रममा हेमराज कुँवरको मृत्यु भएपछि अछाम र बाजुरामा सवारी साधन ठप्प भएका हुन्। साँफेबगर नगरपालिका - ३ का कुँवरको बसको ठक्करबाट उपचारको क्रममा काठमाडौंमा निधन भएपछि साँफेबगर क्षेत्र भएर जाने छोटो तथा लामो दुरीका सवारी शनिबारबाट चल्न सकेको छैन ।

अछाम र बाजुराका विभिन्न स्थानबाट साँफेबगर भएर कैलालीको धनगढी, अत्तरिया, टीकापुर, लम्की, नेपालगञ्ज, कञ्चनपुरको महेन्द्रनगर लगायतका स्थानमा जाने सवारी साधन बन्द भएका छन् । तराईबाट अछाम र बाजुरा आउने लामो दुरीका सवारी साधन पनि चार दिनदेखि बन्द अवस्थामा रहेका छन् । यस्तै, साँफेबगर क्षेत्रमा चल्ने जिप, अटोरिक्सालगायतका साना सवारी पनि ठप्प अवस्था रहेका छन् ।

दोषीलाई कारबाही र मृतकका परिवारलाई उचित क्षतिपूर्तिको माग गर्दै मृतकका आफन्तले सडक र साँफेबगर बजार बन्द गरेका हुन् । आन्दोलनका कारण साँफेबगरको हाटबजार र एयरपोर्ट बजार पनि बन्द अवस्था छ। साँफेबगर पूरै ठप्प अवस्थामा रहेको साँफेबगरका स्थानियले बताएका छन् ।

सडक सञ्चालनका लागि पहल भइरहेको जिल्ला प्रशासन कार्यालय, अछामले जानकारी दिएको छ । कार्यालय प्रशासकीय अधिकृत मिनराज आचार्यले बस व्यवसायी र मृतकका आफन्तबीच छलफलका लागि समन्वय भइरहेको जानकारी दिए । बस व्यवसायी समितिका प्रतिनिधिलाई अछाम बोलाएर पीडितसँग छलफलको तयारी भइरहेको बताइएको छ ।

तर बस व्यवसायी समितिका प्रतिनिधिले भने डोटी प्रशासन कार्यालयमा छलफल हुनुपर्ने मागका कारण केही ढिलाइ भइरहेको भनाइ आचार्यको छ। उपचारको क्रममा निधन भएपछि नेपालगञ्जस्थित वेस्टर्न अस्पताल चिकित्सक तथा स्वास्थ्यकर्मीमा छानबिन गर्न साँफेबगर नगरपालिकाले माग गरेको छ ।

चैत १९ गते साँफेबगरमा बसले मोटरसाइकललाई ठक्कर दिएपछि थप उपचारका लागि नेपालगञ्ज वेस्टर्न अस्पतालमा चैत २० गते भर्ना गरेर बेलुकी ८ बजेतिर भाँचिएको खुट्टाको शल्यक्रिया गरिएको उल्लेख गरिएको छ । शल्यक्रियापछि नेपालगञ्जस्थित लाइफलाइन अस्पतालमा मिर्गौलाको डाइलासिस गरेको, जीवनरक्षा अस्पतालमा सिटी स्क्यान गरेको र वेस्टर्न अस्पतालमा उपचार गरेको मृतकका आफन्तको उद्धृत गर्दै प्रशासनलाई लेखेको पत्रमा उल्लेख छ ।

बिरामीको होस नखुलेपछि वेस्टर्न अस्पतालका डा. पारस पाण्डे, डा. किरण गुरुङ, डा. विनोद थापा र राहुल थापाको सल्लाहमा काठमाडौंको ह्याम्स अस्पताल लैजान सुझाव दिनुभएको थियो । सुझाव चिकित्सकले सुझाव दिएपछि एक छिन अगाडि स्थिर अवस्थामा देखेको बिरामी एयरपोर्ट लैजान निकाल्दा मरेतुल्य भएको र एयर एम्बुलेन्समा काठमाडौंको ह्याम्स अस्पतालमा उपचार नहुँदै मृत्यु घोषणा भएको प्रशासनलाई लेखेको पत्रमा उल्लेख छ ।

# जनसांस्कृतिक महासघंको प्रदेश अधिबेशन बाजुरामा हुने

**पोष्ट संवाददाता**

धनगढी । नेकपा एमाले निकट कलाकारहरुको संगठन राष्ट्रिय जनसांस्कृतिक महासघ सुदुरपश्चिम प्रदेश कमिटिको प्रथम अधिबेशन बाजुरा जिल्लामा हुने भएको छ। राष्ट्रिय जनसांस्कृतिक महासघ सुदुरपश्चिम प्रदेश कमिटिको प्रथम अधिबेशन बाजुरा जिल्लाको सदरमुकाम मार्तडी बैशाख १४ र १५ गते हुने जनाएको छ ।

राष्ट्रिय जनसांस्कृतिक महासघ सुदुरपश्चिम प्रदेश कमिटिको प्रथम अधिबेशन आयोजक कमिटिले सदरमुकाम मार्तडीमा पत्रकार सम्मेलन गर्दै अधिबेशनबारे जानकारी गराएको छ ।

राष्ट्रिय जन सांस्कृतिक महासघ सुदुर पश्चिम प्रदेश कमिटिको आयोजनामा राष्ट्रिय जनसांस्कृतिक महासघं सुदुर पश्चिम प्रदेश कमिटिको प्रथम अधिबेशनका बारे गरिएको पत्रकार सम्मेलन मार्फत बिभिन्न चुनौतीका बाबजुत प्रदेश स्तरको अधिबेशन पहिलो पटक बाजुरामा गर्न लागेको जनाएको जनसांस्कृतिक महासघ बाजुराका अध्यक्ष धिरेन विकले बताए । प्रत्येक जिल्लाका १० जना पार्षदहरु रहेका अध्यक्ष विकले बताए ।

पहिलो पटक पार्टीको भार्ती संगठनको अधिबेशन बाजुरामा हुनलागेकोमा यसमा सबैले सहयोग गर्न अध्यक्ष विकले आग्रह समेत गरेका छन । सुदुरपश्चिम प्रदेश कमिटिको प्रथम अधिबेशनको खुला शेसनमा बाजुराको मौलीक पहिचान, यहाको रिती रिवाज र संस्कृती झल्कीने झाँकीहरु समेत पर्दशन गरिने आयोजकले जनाएको छ ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय नेताहरु लेखराज भट्ट, कर्ण बहादुर थापा, लाल बहादुर थापा, प्रकाश शाह र कलाकारहरुमा महेश आउझी, धोज महारा, लक्ष्मी आचार्य बिनोद बाजुरेली लगायत राष्ट्रिय कलाकारहरुको समते उपस्थिती रहने पत्रकार सम्मेलन मार्फत जानकारी दिएका छन ।

राष्ट्रिय जनसांस्कृतिक महासघ बाजुराका अध्यक्ष धिरेन विकको अध्यक्षतामा भएको पत्रकार सम्मेलमा नेकपा एमाले बुढिगंगा नगर कमिटिका अध्यक्ष नरेन्द्र रोकाया लगायतका नेता र पत्रकारहरुको सहभागीता रहेको थियो । पत्रकार सम्मेलनको संचालन राष्ट्रिय जनसांस्कृतिक महासघ बाजुरा जिल्ला कमिटि सचिव देब बहादुर बोहराले गरेका थिए ।

सूचना ! सूचना !! सुचना !!!

## कामदारहरूको लागि थप तालिम सम्बन्धी सूचना

नेपाल सरकार र स्वीस सरकारको संयुक्त पहलमा प्राबिधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद (CTEVT) मार्फत सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना अन्तरगत **वर्ल्डवाईड टेक्निकल प्रा.लि.द्वारा** सञ्चालन हुने कामदारहरुको लागि थप तालिम (Workers Further Training) सञ्चालनको लागि इच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुलाई आफुले इच्छाइएको विषयको तालिमको लागि मिति २०८०/०१/०३ (बैशाख ३ गते) भित्रमा फारम भर्नहुन हार्दिक अनुरोध गर्दछौं ।

-न्यूनतम उम्मेर १८ बर्ष भएको ।
-नेपाली नागरिक ।
-सम्बन्धित पेशाको लागि शारिरीकरुपमा सक्षम ।
-सम्बन्धित पेशामा कार्यरत या कार्य अनुभव भएको ।
-विदेशबाट फर्किएको (सम्बन्धित पेशामा कार्य गरेको)
-कोभीड-१९को कारण रोजगारी गुमेको (सम्बन्धित पेशामा रोजगारी गरेको)

तालिमको विषय : **कामदारको लागि थप सीप तालिम**
तालिम अवधी : ९६ घण्टा (दैनिक न्यूनतम ४ घण्टा अनिवार्य कक्षा सञ्चालन हुने)
तालिमको विषय : प्लम्बिङ्ग
थप जानकारीका लागि : सम्बन्धित नगरपालिकाको रोजगार शाखा

| क्रस | स्थान | संख्या | सम्पर्क व्यक्ति | मोबाईल न. |
|---|---|---|---|---|
| १ | धनगढी उप महानगरपालिका-४ | ४० जना | स्मृति जैरु | ९८२५६५४२३८ |
| २ | गौरिगंगा नगरपालिका-१ | ४० जना | राजेन्द्र नेपाली | ९८६८२७३५९३ |
| ३ | पुनर्वास नगरपालिका-५ | ४० जना | तेजु थापा | ९८६७३१५३६९ |
| ४ | कृष्णपुर नगरपालिका-६ | ४० जना | सनम चौधरी | ९८६८७१४३७२ |

थप जानकारीका लागि
भरत नेपाली
तालिम संयोजक (कैलाली)
मोबाईल : ९८४८७५९०११




धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी